नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# भारी/अति भारी वर्षा पश्चात राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

| | |
|---|---|
| **धान बाली** | ❖ बाला पसाएका र नपाकेका धानखेतमा गराको विभिन्न ठाउँबाट कुलेसो काटी जतिसक्दो चाँडो पानीको निकास गर्नुहोस्।<br>❖ राम्रो निकास नभएका खेतमा खेतको चारैतिर नाला (trench) खनि त्यसभित्र पानीलाई एकिकृत गरि खेत सुकाउनुहोस्।<br>❖ यसअघि नै काटेर खेतमै छोडेको धानको पाँजोलाई अग्लो ठाउँ जस्तै- आली, कान्लामा सुकाउनुहोस्। साथै, बाला छिटो सुकाउन नल (पराल) बाट छुट्याउनुहोस्।<br>❖ लडेको धानको बोटलाई चित्र नं-२ मा देखाईए अनुसार बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यसमाथि भिजेको धानको बालालाई चित्र नं-३ मा देखाईए अनुसार सुकाउनुहोस्।<br>❖ चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिजाई पंखाको सहयोगले हावा दिई बेला-बेलामा चलाई घाममा सुकाउने वा उपलब्ध धान सुकाउने मेशिनहरु प्रयोग गर्नुहोस्।<br>❖ हावाहुरीबाट लडेको धानको बालालाई सक्दो चाँडै काटेर, थ्रेश गरी र दाना सुकाई बिक्रि गर्नुहोस्। भिजेर भण्डारण गर्न नमिल्ने धानलाई बिग्रनबाट जोगाउन नजिकको मिलसँग समन्वय गरी बिक्रि गर्ने वा चिउरा, भुजा बनाई प्रयोगमा ल्याउनुहोस्।<br>❖ नकाटेको धानलाई पानी पर्न रोकिएको ३-४ दिनपछि मौसमको अवस्था हेरेर मात्र धान काट्नुहोस्।<br><br>चित्र नं-१: पाकेको धान हावाहुरीले लडेको<br><br>चित्र नं-२: लडेको धानको बोटलाई बाँधेर खडा गर्ने तरिका<br><br>चित्र नं.-३: धान सुकाउने तरिका |
| **उखुबाली** | ❖ उखुबाली लगाएको जग्गामा लागातार २४-४८ घण्टासम्म डुवान भएमा उखुबालीमा रातो सडन रोग (Red rot) लाग्ने तथा उत्पादन घट्ने हुँदा जतिसक्दो चाँडो पानीको निकास गर्नुहोस्। साथै, उखु लगाएको जग्गामा आउने पानीको श्रोत बन्द गर्नुहोस्।<br>❖ ढलेका उखुबालीका बोटहरु बाँधेर खडा गर्नुहोस्।<br>❖ माघ-फागुन महिनामा लगाईएको उखुबालीमा रातो सडन र पोकाह बोइङ (Pokkah boeing) रोगको नियमित अनुगमन गर्नुहोस्। यी रोगहरु देखिएमा कार्बेन्डाजिम ०.१% को घोल उखुको बोटको सम्पूर्ण पात भिज्नेगरी छर्कनुहोस्।<br>❖ हावाहुरीको कारण भाँचिएका र घाउ चोट लागेका उखुका लाँक्रा (Cane) हरुमा रोग लाग्ने र रोगको संक्रमण तीब्र रुपमा फैलन सक्ने हुँदा चोटग्रस्त भागहरु हटाई सरसफाई गर्नुहोस्।<br>❖ माघ-फागुन महिनामा लगाईएको उखुबालीमा बाढी र डुबानका कारण थुप्रिएका बालुवा र ग्रेगान हटाउनुहोस्।<br>❖ माघ-फागुन महिनामा लगाईएको उखुबालीमा पहेंलिने समस्या देखिएमा माटो ओभानो भएपश्चात ०.५% युरिया र जिंक सल्फेटको घोलले ड्रेन्चिङ गर्नुहोस्।<br>❖ असोज-कात्तिकमा रोपेको उखुबालीलाई सम्भव भएसम्म भित्र्याएर जुस बनाई बेच्नुहोस्। |

नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# भारी/अति भारी वर्षा पश्चात राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

| | |
|---|---|
| **फलफूल बाली तथा तरकारी बाली** | ❖ फलफूलका बगैंचाहरुमा पानी जमेर जरा तथा काण्ड कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुका साथै कार्बेन्डाजिमयुक्त विषादी - वेभिष्टिन २ ग्राम प्रतिलिटर पानीमा घोलेर ड्रेन्चिङ गर्नुहोस्। <br> ❖ विभिन्न फलफूल तथा तरकारी बालीहरुको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुका साथै कार्बेन्डाजिमयुक्त विषादी - वेभिष्टिन २ ग्राम प्रतिलिटर पानीमा घोलेर नर्सरी ब्याड भिज्नेगरि छर्कनुहोस्। <br> ❖ भारी वर्षाको कारण तरकारी बालीका बेर्ना तथा विरुवामा लागेको चोटपटकको क्षती न्यूनीकरण गरी सुधार गर्न एटोनिक १ एम.एल. प्रति ३ लिटर पानीको दरले सम्पूर्ण बोट भिज्नेगरी स्प्रे गर्नुहोस्। <br> ❖ अत्याधिक पानीको वहावले गर्दा खाद्यतत्व बगेर गई तरकारी बालीमा खाद्यतत्व अभावको लक्षणहरु देखिन सक्छ। अबको ३-४ दिन तरकारी बालीहरु निरन्तर अनुगमन गरी खाद्यतत्व अभावका लक्षणहरु पहिचान गरी आवश्यक खाद्यतत्व स्प्रे गर्नुहोस्। <br> ❖ गोलभेंडामा पछौटे डढुवा रोग व्यवस्थापनको लागि रोगग्रस्त बोटहरु काँटछाँट गरि हावा खेल्ने ठाउँ बनाउनुहोस्। रोगी हाँगा र पातहरु टिपेर उचित व्यवस्थापन गर्नुका साथै साफ बिषादी र सेक्टिन (Sectin-60WG) बिषादी आलोपालो गरि हप्ता दिनको फरकमा २ एम.एल. प्रति लिटर पानीको घोलमा मिसाएर २-३ पटकसम्म सम्पूर्ण बोटहरु भिज्नेगरि छर्केर उपचार गर्नुहोस्। |
| **पशुपालन तथा मत्स्यपालन** | ❖ चिसो ठाउँमा भण्डारण गरेको दाना ढुसीको संक्रमणले विषाक्त हुनसक्छ। उक्त दाना पशुवस्तुले खाएमा स्वास्थ्यमा समस्या आउनुका साथै त्यसबाट उत्पन्न हुने बिषका कारण उपभोक्तामा समेत प्रतिकुल असर पर्ने भएकोले पशुपन्छी तथा माछाको दानालाई सकेसम्म सुख्खा राख्नुहोस्। अतः दाना उद्योगबाट उत्पादित दाना भएको खण्डमा उक्त दानालाई ढुसी लाग्न नदिन ओभानो एवं प्रशस्त हावा खेल्ने ठाउँमा राख्नुहोस्। यद्यपि दाना बनाउन चाहिने कच्चा पदार्थहरु आफैं जोरजाम गरी आफैंले बनाउदै हुनुहुन्छ भने प्रति टन दाना बनाउँदा २ के.जी. टक्सिन बाइन्डर प्रयोग गर्नुहोस्। <br> ❖ हावामा आर्द्रता बढी भएको वा खोर चिसो र हिलो भएको अवस्थामा कुखुराहरुमा सुलसुले, जुम्रा जस्ता बाह्य परजिवीहरुको समस्या देखिने हुँदा दैनिक रुपमा खोरको अनुगमन गर्नुहोस्। यदि सुसलसुले जस्ता परजिवीहरु देखिएमा, बाह्य परजिवीनाशक विषादीहरु जस्तै- स्पिनोसाड, साईपरमेथ्रिन, वा एमिट्राज दक्ष प्राविधिकको सल्लाहमा आवश्यकता अनुसारले प्रयोग गर्नुहोस्। <br> ❖ भारी/अति भारी वर्षाको कारण माछापोखरीहरूमा पानीको स्तर बढ्न गई पोषक तत्त्वहरू बगेर गएका छन्। यस्तो अवस्थामा पोखरीको उत्पादन क्षमता कायम राख्न सन्तुलित मल व्यवस्थापन र पि.एच. सन्तुलन अत्यावश्यक हुन्छ। वर्षा सकिए पश्चात पानी सफा र स्थिर देखिएपछि (साधारणतया २-५ दिनपछि) मात्रै मल हाल्नुहोस्। प्रारम्भिक अवस्थाको लागि प्रति कठ्ठा १.१ के.जी. युरिया र ८५० ग्राम डिएपी प्रयोग गर्नुहोस्। मललाई भिजाएर पानीमा घोलेर पोखरीको सबैतिर समान रूपमा पर्ने गरी हाल्नुहोस्। सात दिनपछि पुनः सो मात्राको आधा भाग हप्तामा दुई पटकसम्म हाल्नुहोस्। <br> ❖ वर्षाको कारण पोखरीको पि.एच. घट्ने र पानी अम्लिय हुने सम्भावना भएकोले चूनको प्रयोग गर्नुहोस्। पानीको पि.एच. ६.५ भन्दा कम भएमा चून १५ के.जी. प्रति कठ्ठाको दरले प्रयोग गर्नुहोस्। यसले पानीको अम्लीयपना घटाएर माछाको स्वास्थ्य र प्लांकटन वृद्धि दुवैमा सहयोग पुऱ्याउँछ। |

नेपाल सरकार

नेपाल कृषि अनुसन्धान परिषद्

# भारी/अति भारी वर्षा पश्चात राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रको विशेष प्राविधिक सल्लाह

| | |
|---|---|
| **अन्य** | ❖ मौसम सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने चौविसै घण्टा उपलब्ध जल तथा मौसम विज्ञान विभागको फोन नम्बर-११५५ मा फोन गर्नुहोस्।<br>❖ राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटारबाट हरेक शुक्रवार जारी हुने साप्ताहिक कृषि-मौसम सल्लाह बुलेटिन अध्ययन गरी सोही अनुसार व्यवस्थापन गर्नुहोस्। |

**थप जानकारीका लागि**

| नाम | कार्यालय | ईमेल | सम्पर्क नं | विषयगत विज्ञता |
|---|---|---|---|---|
| डा. मथुरा यादव | संयोजक, राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हर्दिनाथ, धनुषा | mathura_03@yahoo.com | ९८४७५८९५१८ | धान बाली |
| डा. दिलराज यादव | संयोजक, राष्ट्रिय उखुबाली अनुसन्धान कार्यक्रम, जीतपुर, बारा | ydv.dilraj@gmail.com | ९८५५०४५०२६ | उखु बाली |
| डा. तुलसी प्रसाद पौडेल | प्रमुख, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर | harmfree@gmail.com | ९८५१११४२७८ | पशुपालन |
| डा. नविन गोपाल प्रधान | वरिष्ठ प्राविधिक अधिकृत, राष्ट्रिय बागवानी अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर | navin.pradhan@gmail.com | ९८५११००८२० | बागवानी |
| डा. राजेन्द्र कुमार भट्टराई | वैज्ञानिक, राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर | rkbhattarai@gmail.com | ९८४३४७२२७० | बाली व्यवस्थापन |
| श्री प्रेम तिमल्सिना | वैज्ञानिक, कृषि अनुसन्धान निर्देशनालय, कोशी प्रदेश, तरहरा, सुनसरी | Ptimalsina01@gmail.com | ९८६९५७९१६७ | मत्स्यपालन |
| श्री रामेश्वर रिमाल | प्राविधिक अधिकृत, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार, ललितपुर | rameshwarrimal@gmail.com | ९८५१०४४१३० | कृषि मौसम |